# अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

जैमिनी नगरपालिका

# स्थानीय राजपत्र

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः २ | मितिः २०८०/१२/२३ |

**भाग-२**

## जैमिनी नगर खेलकुद विकास कार्यविधि, २०८०

जैमिनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# जैमिनी नगर खेलकुद विकास कार्यविधि, २०८०

**प्रस्तावनाः**

विकास, अनुशासन र गतिशिलताको पर्यायका रुपमा रहेको खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सदभाव कायम राखि युवाहरुलाई धुम्रपान, मध्यपान, लागू पदार्थ सेवनको कूलतबाट जोगाई सु-संस्कृत समाजको निर्माण गर्न, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तन प्रति सचेत स्वस्थ नागरिक बनाउन, राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा ख्याति आर्जन गर्ने उद्येश्यलाई मूर्त रुप दिन जैमिनी नगरपालिकाको युवा तथा खेलकुद क्षेत्रको समग्र विकास गर्न वाञ्छनीय भएकोले नगरपालिकाले स्थानीय सरकार संञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा ७ ले दिएको अधिकार प्रयोग गरी यो जैमिनी नगर खेलकुद विकास कार्यबिधि २०८० तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :

(१) यस कार्यबिधिको नाम "जैमिनी नगर खेलकुद विकास कार्यबिधि २०८०" रहनेछ ।

(२) यो कार्यविधि कार्यपालिकाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

**२. परिभाषा**ः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) "खेलकुद" भन्नाले जैमिनी नगरपालिकाको आयोजना वा स्विकृती वा सहमति लिई खेलाइने खेलकुद समेतलाई सम्झनु पर्दछ ।

ख) "खेलाडी" भन्नाले विभिन्न विधाका स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय खेलाडीलाई सम्झनु पर्नेछ ।

ग) "खेलकुद समिति" भन्नाले या निर्देशिका बमोजिम गठित जैमिनी नगर खेलकुद विकास समितिलाई सम्झनु पर्दछ ।

घ) "प्रोत्साहन" भन्नाले खेलाडीलाई दिईने उपहार, सम्मान, पुरस्कारलाई सम्झनु पर्दछ ।

ङ) "टिम, क्लब, संघ, संस्था" भन्नाले जैमिनी नगरपालिकामा तोकिए बममोजिम दर्ता भएका जैमिनी नगर क्षेत्र भित्रका टिम, क्लब, संघ, संस्था सम्झनु पर्दछ ।

च) "प्रशिक्षक" जैमिनी नगरपालिकाद्धारा सञ्चालित खेलकुद प्रशिक्षणमा सहभागि प्रशिक्षक, टिम, क्लब, संघ, संस्थाका खेल प्रशिक्षणमा संवद्ध विषयगत खेलकुद प्रशिक्षक सम्झनु पर्दछ ।

छ) "खेलकुद विकास कोष" जैमिनी नगरपालिकाको खेलकुद विकास कोष सम्झनु पर्दछ ।

ज) "खेलाडी विवरण" भन्नाले टिम,क्लब,संघ,संस्थाहरुले आफ्नो टिम, क्लब, संघ, संस्थामा आवद्ध भनी प्रमाणित गरि प्रत्येक महिना नगरपालिकामा पेश गरको विवरण सम्झनु पर्दछ ।

## परिच्छेद-२
## उद्देश्य

**३. जैमिनी नगर खेलकुद विकास समितिका उद्देश्यहरुः**

(१) देहाय बमोजिम जैमिनी नगर खेलकुद बिकास समितिका उद्येश्यहरु हुनेछन :-

क) नगर क्षेत्र भित्रको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

ख) नगर क्षेत्र भित्रको खेलकुद प्रतियोगिता सञ्चालन गर्न तथा संवद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

ग) स्वस्थ प्रतिस्पर्धाको भावाना जागृत गराई देशभक्त, स्वाभिमानी, समाज प्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान्, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने,

घ) टोल ,गल्ली चोक र सडकलाई स्वच्छ र सफा राख्न खेलकुद संघ, संस्थालाई परिचालन गर्ने,

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावना प्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागिता अभिवृद्ध गर्न प्रोत्साहन गर्ने,

छ) खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संघ, संस्था, विधालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुप मा विकास गर्दै लैजाने,

झ) बौद्धिक श्रम गर्ने विधार्थी, शिक्षक, बुद्धिजिविहरुलाई समेत शारीरिक व्यायाम, खेलकुद व्यवस्था गर्न सहयोग पुर्याउने,

ञ) नगर क्षेत्र भित्रबाट राष्ट्रिय र अन्तराष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तराष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

ट) टिम, क्लब, संघ, संस्था, वडा स्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने, गराउने,

ठ) नगर क्षेत्र भित्रका शैक्षिक संस्थाहरुमा खेलकुद सम्बन्धी प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहित गर्ने,

ड) नगर खेलकुद विकास समिति अन्तर्गत प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गराउने .

## परिच्छेद ३
## जैमिनी नगर खेलकुद विकास समितिको गठन तथा काम कर्तव्य र अधिकारः

### ४. जैमिनी नगर खेलकुद विकास समितिको गठनः

(१) देहाय बमोजिम जैमिनी नगर खेलकुद विकास समितिको गठन हुनेछ :-

क) कार्यपालिकाले तोकेको खेलकुदको क्षेत्रमा ख्यातीप्राप्त व्यक्ति मध्येबाट १ जना - अध्यक्ष

ख) कार्यपालिकाले तोकेको खेलकुदको क्षेत्रमा ख्यातीप्राप्त महिला व्यक्ति मध्येबाट १ जना- उपाध्यक्ष

ग) खेलकुदका विभिन्न विधाबाट सबै वडाबाट एक एक जना पर्ने गरी कम्तिमा ४ जना दलित र महिला सहित कार्यपालिकाबाट तोकिएका १० जना व्यक्तिहरु - सदस्य

घ) नगर कार्यपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

### ५. नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार :

(१) नगर खेलकुद विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन ।

क) नगरपालिकाले तोकेका बजेटको सीमा भित्र रही खेलकुद सञ्चालन गर्ने ,

ख) बिभिन्न विधाका प्रतिस्पर्धात्मक खेल आयोजना गर्ने,

ग) अन्य गाउँपालिका, नगरपालिका वा अन्य निकायले आयोजना गरेका खेलकुद कार्यक्रममा आमन्त्रण गरिएमा जैमिनी नगर क्षेत्रभित्रका खेलाडी टीम वा क्लबलाई आवश्यकता र औचित्यका आधारमा सहभागी गराउने,

घ) निजी क्षेत्रलाई समेत खेलकुदमा सहभागी र साझेदार बनाउने,

ङ) जैमिनी नगरपालिकाको संयोजनमा विभिन्न विधाका खेलाडीहरुका पहिचान र प्रोत्साहन सम्बन्धी योजना बनाई लागू गर्ने,

च) खेलकुदका विकासका लागि प्रदेश सरकारसँग सम्पर्क र सहकार्य गर्ने एबम् नगरपालिकाको परामर्शमा योजना बनाई पेश गर्ने,

छ) जैमिनी नगरलाई खेलकुदको माध्यमबाट उत्कृष्टताको परिचय दिने,

ज) खेलकुद विकासका लागि योजना बनाई नगरपालिकाको स्विकृतीमा खेलकुद कार्यकम सञ्चालन गर्ने ,

झ) नगरपालिकाले तोकेका अन्य खेलकुद सम्बन्धि कार्य गर्ने ।

ञ) खेलकुद सञ्चालन र व्यवस्थापनको लागि कोष स्थापना गरी सञ्चालन गर्ने ।

**६. नगर खेलकुद विकास समितिका सदस्यहरुलाई हटाउन सकिने** :

(१) नगर खेलकुद बिकास समितिका कुनै सदस्यका काम चित्त बुझ्दो नभएमा वा खेलकुद समितिबाट सिफारिस भई आएमा नगर कार्यपालिकाले त्यस्ता सदस्यलाई कुनै बखत पनि हटाउन सक्नेछ । हटाउन अघि त्यस्ता सदस्यलाई सफाइको मौका दिइनेछ ।

**७. नगर खेलकुद विकास समितिको कार्यकाल** :

(१) नगर खेलकुद बिकास समितिको कार्यकाल ३ वर्षको हुनेछ । नगर कार्यपालिकाले उचित ठानेमा अर्को एक कार्यकाल थप गर्न सक्नेछ ।

**८. प्रतिवेदन पेश गर्ने** :

(१) समितिले सम्पन्न भई सकेका खेलकुद, हुन बाँकी खेलकुद तथा खेलकुद सम्बन्धि योजनाहरुको प्रतिवेदन नगरपालिकामा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(२) प्रतिवेदनमा आएका विषयहरुलाई नगरपालिकाले बुलेटिन मार्फत सार्वजनिक गर्नेछ ।

**९. खेलकुदको संरक्षण,सम्बर्धन र प्रवर्द्धन :**

(१) समग्र विधाका खेलकुदको संरक्षण, सम्बर्धन, प्रवर्द्धन र विकास गर्न दायित्व नगरपालिकाका हुनेछ ।

(२) खेलकुद सम्बन्धी सम्पूर्ण काम र गतिविधि गरिने कार्य यस कार्यविधि बमोजिम गठित समितिले गर्नेछ । सो कार्यका लागि नगरपालिकाले आवश्यक बजेट व्यवस्था गर्नेछ ।

(३) खेलकुद संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्न मूख्य जिम्मेवारी निम्न पदाधिकारीको हुनेछ ।

क) नगर प्रमुख संरक्षक

ख) नगर उप प्रमुख सल्लाहकार

ख) प्रमुख प्रशासकीय अधिकृत सल्लाहकार

**१०.नगर खेलकुद विकास कोषको व्यवस्था :**

(१) खेलकुद सम्वन्धि तालिम प्रशिक्षण, प्रतियोगिता लगायतका कियाकलापका लागि जैमिनी नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

२) कोषका श्रोतहरु देहाय बमोजिम हुनेछ :

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद विकास परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख) विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम ,

ग) खेल प्रशिक्षण अवधि भर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) नगर भित्रका टिम क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क आदि

३) यस कोषको संचालन जैमिनी नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

४) नगर खेलकुद विकास समितिले कार्यपालिका वा कार्यालयको निर्णय अनुसार खर्च गर्न सक्नेछन । यसरी गरिएको खर्च समितिको बैठकबाट अनुमोदन गरी नियमानुसार फछ्यौट गर्नुपर्ने छ ।

**११. वडास्तरीय खेलकुद विकास समिति गठन र काम कर्तव्य अधिकार** :

(१) नगरपालिकाको १० वटै वडामा देहाय बमोजिम वडास्तरीय खेलकुद विकास समिति गठन गरिनेछ ।

(क) वडा समितिले तोकेको खेलकुदको क्षेत्रमा ख्यातीप्राप्त व्यक्ति मध्येबाट १ जना - अध्यक्ष

(ख) खेलकुदका विभिन्न विधाबाट १ महिला सहित वडा समितिले तोकेको ३ जना - सदस्य

(ग) वडा सचिव - सदस्य सचिव

(२) वडा भित्रका विभिन्न क्लव तथा विद्यालयहरुसँग समन्वय गरी खेलकुदका क्रियाकलाप सञ्चालन गर्नु समितिको काम कर्तव्य हुनेछ ।

## परिच्छेद ४
## आचार संहिता

**१२. आचार संहिता** :

(१) खेल सम्बन्धी विषयका खेलाडी, समिति संयोजक तथा सदस्य, कर्मचारी, नगर कार्यपालिका र सभा सदस्यहरुले देहाय बमोजिमका आचार संहिता पालना गर्नु पर्नेछ :–

क) खेलका निर्णायक, खेलाडी, दर्शक, आयोजक कसैले पनि खेल सञ्चालनका समयमा कुनै पनि प्रतिवन्धित लागु औषध र मादक पदार्थ सेवन गन पाईने छैन ।

ख) खेलाडी टिमले विदेशी नागरिक समावेश गरेर स्वदेशको खेलाडी टिम बनाउन पाइने छैन । तर विदेशी खेलाडी समेतलाई आमन्त्रण गरिदा गैर नेपाली टिमलाई मान्यता दिइनेछ ।

ग) प्रतिस्पर्धात्मक खेल सञ्चालन गर्दा दर्तावाला टिमलाई मात्र मान्यता दिइनेछ । तर प्रशिक्षण कक्षा सञ्चालन गर्न दर्ता नभएका टिमलाइ पनि सामेल गराउन सकिनेछ ।

घ) नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहरीएका खेलाडीलाई खेलको टिमबाट हटाईनेछ ।

ङ) खेलको विजय पश्चात पाउने शिल्ड, ट्रफि कहिँ कतै बेच्न, धरौटी राख्न वा उपहार दिन पाइन छैन । तर कुन दर्तावाला क्लव विगठन हुन गई उक्त क्लवले प्राप्त गरेका शिल्ड, ट्रफि नगरपालिकाको स्विकृतीमा अर्को दर्तावाला क्लवलाई उपहार दिन भने वाधा पर्नेछैन ।

च) कुनै खेलमा व्यक्तिलाई दिएको उपहार बाहेक टिमले पाएका उपहार व्यक्तिका अधिनमा राख्न पाइने छैन तर संरक्षण गर्न बाधा पर्नेछैन ।

छ) खेलका निर्णायक राख्दा तालिम प्राप्त आधिकारिक व्यक्ति बाहेक अरुलाई राख्न पाइनेछैन ।

ज) खेलाडीहरुले आपसमा प्रतिस्पर्धा गर्दा आफ्नो टीमको पक्ष लिई क्ल्यापिङ्ग, हुटिङ्ग, अनुहार मेकअप र चित्र प्रदर्शन गन पाइनेछैन र विपक्षी टीमका व्यक्तिहरु वा टीमलाई इंगित गरी कार्टुन, चित्रकारिता, हुटिङ्ग व्यक्तिगत वा संस्थागत नामबाट अश्लिल शव्द वा अभद्र व्यवहार गर्न पाइने छैन ।

झ) खेलको प्रतिस्पर्धाका निम्ती नगरपालिकाको स्विकृति र इजाजत विना आफ्ना टिमका नाममा जवर्जस्ती चन्दा उठाउन पाइनेछैन ।

ञ) नगरपालिकाका स्वीकृती वा इजाजत लिई उठाइएको चन्दा संस्थाको आम्दानी खातामा आय जनाई सम्बन्धीत क्लवबाट पारित गराएर मात्र खर्च गर्न पाइनेछ ।

ट) यस अघिनै अन्यत्र दर्ता भएका वा नगरपालिकामा सचीकृत भएका संस्थाहरुले नगरपालिकामा लिखित जानकारी दिएर मात्र स्वतन्त्र ढंगले खेल सञ्चालन गर्न पाउनेछन ।

**१३. सौजन्यता** :

(१) दर्तावाला संस्थाहरुलाई कसैको सौजन्यमा कुनैखेल सञ्चालन गर्न नगरपालिकको पूर्व स्वीकृती लिनुपर्नेछ । तर नगरपालिकाले स्विकृत नदिएको खण्डमा भने व्यक्ति वा संस्थाका सौजन्यतावाट प्राप्त नगदी, जिन्सी वा अन्य सहयोगलाई सार्वजनिक गरी खेल संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-५

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

### १४. खेलकुद गोष्ठी, सभा, कार्यक्रम संचालन र व्यवस्थापनः

(१) नगरपालिकाले खेल सम्बन्धी विषयका देहाय बमोजिमका गोष्ठी, सभा र कार्यक्रम संचालनको व्यवस्था मिलाउनेछ :–

क) .नगरपालिकाले राष्ट्रिय,अनन्तराष्ट्रिय खेलाडी, प्रशिक्षक टिमहरुलाई स्वागत गर्न सक्नेछ ।

ख) खेलकुद विकासको लागि सभा, सम्मेलन र गोष्ठी गर्ने वा गराउन सक्नेछ ।

ग) राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्रप्त गर्न सफल एंव अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ ।

घ) नगर क्षेत्र भित्रको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टिम, क्लब, संघ, संस्थाका प्रतिनिधिहरुको र्याली वा बैठक बोलाउन सक्नेछ ।

## परिच्छेद ६
## दर्ता, नवीकरण र विघटन

### १५. दर्ता र स्वीकृतीः

(१) नगरपालिका भित्र गठित कुनै पनि संघसंस्था वा क्लव वा खेलकुद सँग सम्बन्धित संस्था नगरपालिकामा दर्ता गर्नुपर्नेछ । दर्ता गर्न फाराम शुल्क, दर्ता शुल्क र नवीकरण शुल्क तोकिए बमोजिम लाग्ने छ । खेलकुदसँग सम्बन्धि दर्ता नभएका संस्था वा क्लवलाई खेल संचालन गर्न नगरपालिकाले स्वीकृती दिनेछैन ।

(२) संस्था दर्ता र विधान स्वीकृतीको लागि अनुसूची-१ को ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) संस्था दर्ता र विधान स्वीकृतीको लागि निवेदन पर्न आएमा नगरपालिकाले विधान स्वीकृत गरी संस्था दर्ता गरी अनुसूची-२ को ढाँचामा प्रमाण-पत्र दिनु पर्नेछ । सोहि प्रमाण पत्रमा हरेक वर्ष नवीकरण भएका विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नविकरण गर्नु पर्नेछ, ।

(४) पहिला दर्ता भई सकेका संस्था भए नगरपालिकामा सूचीकृतका लागि अनुसूची-३ को ढाँचामा निवेदन दिनु पर्नेछ, ।

(५) सूचीकृत भएका सस्थाहरुलाई अनुसुची-४ बमोजिम प्रमाणपत्र दिईनेछ । सोही प्रमाण पत्रमा हरेक वर्ष नविकरण भएको विवरण उल्लेख गरी सम्बन्धित कर्मचारीले सही गरी नवीकरण गर्नु पर्नेछ, ।

(६) दर्ता वा सूचीकृत भएका संस्थाका नवीकरण गर्न दिईने निवेदन अनुसची ५ बमोजिमको ढाँचामा हुनुपनर्छे ।

(७) प्रत्येक वर्षको आषाढ मसान्त भित्र सबै दर्तावाल वा सूचीकृत संस्थाहरुले नगरपालिकामा अनिर्वाय नवीकरण गराउन पर्नेछ ।

(८) प्रत्येक नगर खेलकुद समितिमा दर्ता भएका टिम, क्लब, संघ, संस्थाहरुले नगर खेलकुद समितिको उद्येश्य अनुसार खेलकुद प्रतियोगिता सञ्चालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराइनेछ ।

क) वडाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. ५०००।- देखि रु.७०००।-सम्म ।
ख) नगरव्यापी प्रतियोगिताको लगि (वर्ष १ पटक) बढीमा रु.७०००।- देखि रु. १२००० ।- सम्म ।
ग) जिल्लाव्यापी प्रतियिगिताको लागि (वर्षमा १पटक) बढीमा रु.२००००।- देखि रु.३००००।- सम्म ।
घ) प्रादेशिक वा राष्ट्रियस्तरको प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु.२००००।- देखि रु.३५०००।- सम्म ।
तर नगर खेलकुद विकास समितिले खेलाडी छनौट गरि खेलकुद कार्यक्रममा टिम सहभागी गराउँदा वर्षको पटक गणना गरिने छैन ।

**१६. जरिवाना** :

(१) दर्ता भएका खेलकुद सम्बन्धी संस्थाहरुले नवीकरण नगराएमा देहाय बमोजिम जरिवाना गरिनेछ :

(क) एक वर्ष सम्म पनि नवीकरण नगरेमा रु.५००/–

(ख) दुई वर्ष सम्म पनि नवीकरण नगरेमा रु.१०००/–

(ग) तीन वर्ष सम्म पनि नवीकरण नगरेमा रु.३०००/-

(घ) पाँच वर्ष सम्म पनि नवीकरण नगरेमा रु.५०००/-

(२) पाँच वर्षभन्दा बढी समयसम्म पनि नवीकरण नर्गने संस्थालाई दर्ताको सूचीबाट हटाइनेछ । यसरी समयम नवीकरण नगरी दर्ताको सूचीबाट हटी सकेका संस्थामा संलग्न व्यक्तिहरुको अर्को संस्था दर्ता गरिने छैन ।

(३) समयमा नवीकरण नगर्ने संस्थाले आफ्नो कोषबाट जरिवाना बुझाउन पर्नेछ । तर संस्थाका कुनै व्यक्तिका कारणले संस्था नवीकरण गर्न विलम्ब हुन गएको भए उक्त व्यक्तिबाट संस्थाले असूल उपर गर्न सक्नेछ ।

**१७. संस्थाको विघटन** :

(१) दर्ता भएका खेलकुदका संस्थाहरु देहायको अवस्थामा विघटन हुन सक्नेछन :–

(क) संस्थाका दुई तिहाइ बहुमतले संस्था विघटन गर्न भनी निर्णय गरेमा ,

(ख) लगातार ५ वर्षसम्म संस्था नवीकरण नगरेमा ,

(ग) संस्थाका पदाधिकारी निष्कृय भएमा वा वेपत्ता भएमा ,

(घ) प्राकृतिक विपत्तिको कारणबाट संस्था क्षत विक्षत भएमा ।

**१८. विघटित संस्थाको सम्पत्ति** :

(१) विघटन भएका संस्थाको सम्पत्ति नगरपालिका मातहतमा रहनेछ ।

**१९. खारेजी र बचाउ** :

(१) यस कार्यविधिका बुँदाहरु संघीय तथा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म खारेज हुनेछ ।

(२) जैमिनी नगरपालिका मातहत यस अघि सञ्चालन भएका खेलकुद सम्बन्धि काम कारबाही र अव उप्रान्त सञ्चालन हुने खेलकुद गतिविधीहरु यस कार्यविधि बमोजिम भएको मानिनेछ

**( दफा १५ को उपदफा २ सँग सम्बन्धित)**

**अनुसूची १**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू मिति :
जैमिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,

विषय : संस्था दर्ता सम्बन्धमा ।

म/हामीले तपसीलमा उल्लेखित विवरण अनुसारका खेलकुद सम्बन्धी संस्था दर्ता गर्न मनसायले इच्छुक व्यक्तिहरुको भेलाबाट गठित तदर्थ समितिले संस्थाका विधान समेत तयार गरी सकेकोले एकप्रति विधान यस निवेदन साथ संलग्न राखी विधान स्वीकृती र संस्थादर्ताका लागि आवेदन गरेका छु/छौं । नियमानुसार संस्था दर्ता गरीदिनहुन अनुरोध गरिन्छ ।

संस्थाका कार्यालय रहने स्थान :..........................................

जैमिनी नगरपालिका वाड नं..........,

टोलको नाम...................

सचिव अध्यक्ष

नाम नाम

मिति मिति

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

क) संस्थाको विधानको मस्यौदा

ख) आवेदक र समितिका पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि

ग) संस्थाको छापको नमूना

**(दफा १५ को उपदफा ३ सँग सम्बन्धित)**

**अनुसूची २**

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, बागलुङ

गण्डकी प्रदेश नेपाल ।

**दर्ता नं.** **मिति** :

**संस्था दर्ता प्रमाणपत्र**

**श्री** ..............................................................

........................................ ।

प्रस्तुत विषयमा जैमिनी खेलकुद विकास कार्यविधि २०८० को दफा १५ बमोजिम विधान स्वीकृत गरी यो संस्था दर्ताको प्रमाण पत्र प्रदान गरिएको छ । उक्त कार्यविधि र संस्थाको विधानको अधिनमा रही खेलकुद सम्बन्धी गतिविधिहरु संचालन गर्नुहोला ।

| | |
|---|---|
| संस्थाको कार्यालय रहने ठेगाना : | |
| अध्यक्षको नाम : | |
| दर्ता हुंदा कायम रहेका पदाधिकारी र सदस्य संख्या : | |
| संस्थाको कार्यक्षेत्र : | |

प्रमुख प्रशासकीय अधिकृत

**<u>संस्था नवीकरणको विवरण</u>**

| क.स | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नीवकरण गर्ने कर्मचारीको सही र नगरपालिकाको छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

**(दफा १५ का उपदफा ४ सँग सम्बन्धित)**

**अनुसुची ३**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,

विषयः संस्था सुचिकृत गरिदिनु हुन ।

हामीले तपसिलका विवरण अनुसारका संस्था गठन गरी सञ्चालन गर्न आएका छौ । नगरपालिकाको नियमानुसार संस्था सूचीकृत गर्नुपर्ने भएकोले नियम अनुसार गरिदिन अनुरोध गर्दछौ ।

संलग्न कागजातहरु

क) दर्ता प्रमाणपत्र
ख) चालु वर्षको लेखा परीक्षण प्रतिवेदन
ग) कर चुक्ता प्रमाण पत्र
घ) समितिको निर्णय

सचिव अध्यक्ष

**( दफा १५ का उपदफा ५ सँग सम्बन्धित)**

**अनुसुची ४**

जैमिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

कुश्मीसेरा बागलुङ

**संस्था सूचीकृत प्रमाण पत्र**

संस्थाका नाम :...............................................

ठेगाना :.........................................................

दर्ता हुँदाका बखत रहनु भएका समितिका पदाधिकारी र सदस्य संख्या दर्ता हुँदाका बखत रहनु भएका अध्यक्षको नाम :

माथि उल्लिखित विवरण भएको संस्था सूचीकृत गरी प्रमाण पत्र प्रदान गरिएको छ। जैमिनी नगर खेलकुद विकास कार्यविधि २०८० र विधानका अधिनमा रही खेलकुद सम्बन्धी गतिविधीहरु सञ्चालन गर्न अनुमति दिईएको छ।

प्रमुख प्रशासकीय अधिकृत

संस्था नवीकरणको विवरण

| क्रस | नवीकरण भएको मिति | नवीकरण दस्तुर | नवीकरण गर्ने कर्मचारीको सही र न. पा. को छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**( दफा १५ का उपदफा ६ सँग सम्बन्धित)**

**अनुसुची ५**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मितिः
जैमिनी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कुश्मीसेरा, वाग्लुङ ।

विषय : संस्था नविकरण गरी पाउँ ।

............................................................................नामको संस्था यस नगरपालिकामा दर्ता/सूचीकृत भई खेलकुद सम्बन्धी गतीविधीहरु सञ्चालन गरी रहेका हुँदा तपसिल बमोजिमका कागजपत्र संलग्न राखी नवीकरण गरी पाऊँ भनि निवेदन गर्न आएको छु /छौ । अतः आर्थिक बर्ष................को संस्था नवीकरण गरिदिनुहुन अनुरोध छ ।

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरुः

क) आर्थिक वर्ष ..................को लेखापरीक्षण प्रतिवेदन

ख) सस्थाको वार्षिक गतीविधि,

ग) भावि योजना र बजेट

निबेदक

**आज्ञाले**
**हरि बहादुर भुजेल**
**प्रमुख प्रशासकीय अधिकृत**